# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ कार्तिक १६ गते

## आयोग घर घरमा मानव अधिकार पुऱ्याउनका लागि कार्ययोजना बनाएर अघि बढ्ने

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले आफूहरू घर-घरमा मानव अधिकार पुऱ्याउनका लागि कार्ययोजना बनाएर अघि बढ्न लागेको बताउनुभएको छ ।

आयोगद्वारा आयोजित 'संस्थागत ब्रिफिङ' कार्यक्रमको समापन समारोहमा आइतबार बोल्दै उहाँले उक्त कुरा बताउनुभएको हो । उहाँले आयोगका विगतको गतिविधिलाई समीक्षा गरी त्यसको आधारमा नयाँ कार्ययोजना बनाउन लागिएको जानकारी पनि दिनुभयो ।

अध्यक्ष शर्माले मानव अधिकारको क्षेत्र व्यापक भएको चर्चा गर्दै प्रत्येक नागरिकले स्वततन्त्रता, समानता र मर्यादा पाउनु नै मानव अधिकरको मूल कडी हो भन्नुभयो ।

उहाँले आयोगका कर्मचारीहरूको मनोबल बढाएर मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा आफूहरू समर्पित हुने धारणा राख्नुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य प्रकाश वस्तीले आफूले सदस्य पदमा पाएको नियुक्तिलाई चुनौतीको रूपमा ग्रहण गरेको बताउँदै आफूहरू मानव अधिकारका जल्दाबल्दा विषयका साथै नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण तथा सम्वर्द्धनमा लाग्ने बताउनुभयो ।

आयोगका सदस्य सुदिप पाठकले आफूहरू आयोगलाई विश्वसनीय संस्थाको रूपमा विकास गर्न प्रयत्नशील रहेको जानकारी दिँदै सबै स्वदेशी तथा विदेशी सरोकारवाला निकायसँग सहकार्य र समन्वय गरेर देशमा मानव अधिकार संस्कृतिलाई मूर्त रूप दिन लागिपर्ने बताउनुभयो ।

एक प्रसंगमा सदस्य पाठकले आयोगले देशैभरिका कारागार तथा हिरासत केन्द्रहरूको अनुगमन कार्य छिट्टै शुरु गर्ने र यसको शुरुवात कास्कीबाट हुने जानकारी दिनुभयो ।

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


आयोगका सदस्य मोहना अन्सारीले आयोगका गतिविधि तथा सूचनाहरू स्थानीय भाषामा समेत प्रकाशन तथा प्रसारण गर्नुपर्ने आवश्यकता औंल्याउँदै आयोगको उपस्थिति जनस्तरका नागरिकले अनुभूत गर्ने वातावरण तयार पार्न आवश्यक भएको धारणा अघि सार्नुभयो ।

कार्यक्रममा बोल्दै आयोगका सदस्य गोविन्द शर्मा पौड्यालले नेपाली नागरिकको मानव अधिकार संरक्षण र सम्वर्द्धन गर्ने हेतुले व्यावहारिक कार्ययोजना तयार पारेर त्यसलाई पूर्ण कार्यान्वयन गर्ने दिशामा आफूहरूको ध्यान केन्द्रित हुने बताउनुभयो ।

तीन दिनसम्म सञ्चालित कार्यक्रममा आयोगका कामु सचिव वेदप्रसाद भट्टराई, निर्देशक सुवर्ण कर्माचार्य र विभागीय प्रमुखहरूले आयोगद्वारा सम्पादित गतिविधि, चुनौती तथा भावी कार्ययोजनाबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा मानव अधिकार हननका घटनाबारे आयोगले सरकारलाई गरेको सिफारिसको कार्यान्वयनको अवस्था, भावी कार्ययोजना, कर्मचारीहरूको स्थायित्व तथा वृत्तिविकास, मानव अधिकार हननका घटनामा आयोगले गर्ने अनुसन्धानको स्तर, सरोकारवाला निकायहरूसँगको सम्पर्क र समन्वय आदि विषय परामर्श भएको थियो ।

२०६९।६।१६

वेदप्रसाद भट्टराई
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल